स्थानः बैठक कक्ष

समयः दिनको ३.०० बजे

आज मिति २०८१/१२/३१ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

### आर्थिक वर्ष २०८१/८२ कार्यपालिका बैठक संख्याः१२

| क्रम सङ्ख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य प्र.का | श्री ~~मोहन सिंह ठकुरी~~ हरिलाल पराजुली | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खिमानन्द भुसाल | |

मितिः २०८१/१२/३१
आर्थिक वर्ष २०८१/८२ बैठक सङ्ख्या १२

बैठकका कार्यसूचीहरू

१. वडा नम्बर ७ को भुजुङ्गे वस्ती स्थानान्तरण सम्बन्धमा,
२. युवावर्ष रविचित्र माध्यमिक विद्यालय हटारीको भवन निर्माण लागत साझेदारी सम्बन्धमा,
३. योजना जाँचपास तथा फरफारक सम्बन्धमा,
४. अनुगमन प्रतिवेदन सम्बन्धमा,
५. मन्सुनजन्य विपदको रकम सम्बन्धमा,
६. वित्तीय प्रगति सम्बन्धमा,
७. मथुराधाम गोपेश्वर पिठ (श्रीमद् भागवत महायज्ञ) आर्थिक सहयोग सम्बन्धमा,
८. विद्यालय दिवा खाजा सम्बन्धमा,
९. भूमी आयोगको पालिकास्तीय युजर आइ डि प्रयोग सम्बन्धमा,
१०. प्रदेश समपुरक र विशेष अनुदानका योजना छनोट सम्बन्धमा ।

निर्णयहरुः

१२.१ सन्धिखर्क नगरपालिका ७ नं वडा कार्यालयको पत्र सङ्ख्या, २०८१/८२ चलानी नम्वर, ६८० मिति २०८१/१२/०७ को पत्रबाट भुजुङ्गे वस्ती स्थानान्तरण गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन अनुरोध छ भनी लेखि आएको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को न को सि.नं ४, विपद् व्यवस्थापन ऐन, २०७४ र सन्धिखर्क नगरपालिकाको विपद् व्यवस्थापन ऐन, २०७८ मा रहेको व्यवस्थालाई मध्यनजर गरी ७ नं वडाको भुजुङ्गे वस्ती स्थानान्तरण सम्बन्धमा १५(पन्ध्र) दिन भित्र अध्ययन गरी प्रतिवेदन पेस गर्न सन्धिखर्क नगरपलिकाका इन्जिनीयर श्री प्रमोद के.सीको संयोजकत्वमा देहायका पदाधिकारी रहेको कार्यदल गठन गर्ने,
तपसिल

१. संयोजक श्री प्रमोद के.सी,
२. सदस्य अधिकृत प्रतिनिधि श्री जिल्ला प्रशासन कार्यालय,
३. सदस्य श्री सन्तोष खनाल सव इन्जिनीयर,
४. सदस्य श्री वसन्त नेपाली कार्यपालिका सदस्य,
५. सदस्य सचिव श्री प्रकाश परियार विपद् व्यवस्थापन सम्पर्क व्यक्ति।

१२.२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा (३) मा भएको व्यवस्था बमोजिम नगरपालिकाको आर्थिक वर्ष २०८१/८२को फागुन मसान्तसम्मको आय-व्यय सहितको दोस्रो चौमासिक अवधिमा भएको प्रगति विवरण प्रमुख प्रशासकीय अधिकृतबाट पेस भई जानकारी भयो ।सो सन्दर्भमा सन्धिखर्क नगरपालिकाको भौतिक तथा वित्तीय प्रगति वृद्धि गरी निर्धारित समयमा तोकिएको लक्ष्य प्राप्ति गर्ने,

१२.३ नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिका संयोजक एवम् नगर उप-प्रमुख श्री मिश्रा आचार्यबाट पेस भएको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने र अनुगमनको क्रममा देखिएको अवस्था, सिफारिस तथा सुझाव कार्यान्वयन गर्ने गराउने सम्बन्धमा सबैको सक्रिय सहभागिता वृद्धि गरी नगरपालिका भित्र सञ्चालित योजनाहरु निर्धारित समय अवधिमा नै गुणस्तरीय कार्य गरी सम्पन्न गर्ने/गराउने,

१२.४ सन्धिखर्क नगरपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गतका विभिन्न योजना तथा कार्यक्रमहरूको प्राविधिक जाँचपास तथा फरफारक सम्बन्धी विवरण प्रमुख प्रशासकीय अधिकृतबाट पेस भइ छलफल हुँदा उल्लिखित योजना तथा कार्यक्रहरुको जाँचपास तथा फरफारक पेस भए बमोजिम गर्ने ,

१२.५ सन्धिखर्क नगरपालिकाको वडा नं ५ स्थित श्री मथुरा गोपेश्वर पिठमा श्रीमद भागवत महायज्ञ सञ्चालनका लागि आर्थिक सहयोग माग भएको विषयमा छलफल हुँदा उक्त महायज्ञ सञ्चालन गर्दा भएको खर्च व्यवस्थापनका लागि श्री मथुरा गोपेश्वर पिठ सन्धिखर्क ५ लाई मिल्दो शीर्षकबाट रु १,११,१११।(एकलाख एघार हजार एकसय एघार) उपलब्ध गराउने,

१२.६ सन्धिखर्क नगरपालिका भित्रका सामुदायिक विद्यालय मध्ये आधारभूत तह (प्राथमिक) बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई उपलब्ध गराउदै आएको दिवाखाजामा जङ्क फुडको प्रयोगमा पूर्ण रुपमा रोक लगाइ नेपाल सरकारले स्वीकृति प्रदान गरेको उद्योगबाट उत्पादित लेवलिङ र प्याकेजिङ गरेको स्थानीय रैथाने खाद्यन्नबाट उत्पादित मापदण्ड बमोजिमको खाजा दैनिक रुपमा फरक/फरक स्वादमा विद्यार्थीहरुलाई दिवाखाजाको व्यवस्थापन गर्न सबै सामुदायिक विद्यालयहरुलाई निर्देशन गर्ने,

१२.७ भूमि समस्या समाधान आयोगको कार्यलाई प्रभावकारी बनाइ अगाडि बढाउन यस नगरपालिकाको पालिका स्तरीय यूजर आइ.डि प्रयोगका लागि यस कार्यालयका अधिकृत श्री मुक्तिराम खनाललाई तोक्ने र भूमि सम्बन्धी वडा स्तरबाट सम्पादन गर्नुपर्ने सम्पूर्णकार्यहरु तदारुपताका साथ सबै वडाहरूले अगाडि बढाउने,

१२.८ जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको पत्र सङ्ख्या, २०८१/८२ चलानी नम्बर, २००८ मिति २०८१/१०/३० को पत्रबाट मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनस्थापना कार्यविधि २०७७ बमोजिम सन्धिखर्क नगरपालिकाबाट लागत साझेदारी गर्ने रकम मध्ये रु १०,३५,०००। (दश लाख पैतिस हजार) माग गरी उल्लिखित रकम विपद् व्यवस्थापन कोषबाट नगर प्रमुख स्तरीय निर्णयबाट जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराइएको निर्णय समर्थन गर्ने र सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीबाट पुरा रकम माग गर्न छुट भएको भनी बाँकी रकम उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको पत्र सङ्ख्या, २०८१/८२ चलानी नम्बर, २३८९ मिति २०८१/१२/१९ को पत्रबाट माग भइ आएकोले माग भए बमोजिमको रकम रु ९,९०,०००। (नौ लाख नब्बे हजार) मात्र आर्थिक वर्ष २०८१/८२ मा विपद् व्यवस्थापन शीर्षकमा विनियोजित रकमबाट जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीलाई उपलब्ध गराउने,

१२.९ लुम्बिनी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश समपुरक र विशेष अनुदानमा सञ्चालन हुने योजनाहरुको प्रस्ताव तयार गरी पेस गर्न मिति २०८१/१२/२८ मा सूचना भएकोमा देहायका योजनाहरु छनोट गरी उल्लिखित योजनाहरुको मिति २०८२/१/८ गते भित्र परियोजना प्रस्ताव तयार गरी पेस गर्ने,

तपसिल

<u>समपूरक अनुदानमा प्रस्तावित योजना</u>

१. वलेवाङ्- मथुरा- जरेखोला- मिलमिले- जोगिमारे सडक,

२. फोहरमैला प्रशोधन केन्द्र स्तरोन्नती (डम्पीङ्साइट) ।

<u>विशेष अनुदानमा प्रस्तावित योजना</u>

१. नविनतम प्रविधि सहितको धान, मकै, बाली प्रवर्धन कार्यक्रम ।